# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, मंसिर ६ गते २०६१ साल (अतिरिक्ताङ्क ३८

## भाग २

श्री ५ को सरकार

### कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश, २०६१" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ को दफा ८ मा संशोधन: राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको ) को दफा ८ मा रहेका "श्री ५ नवयुवराजका हजूरमा" भन्ने शब्दहरु पछि "प्रत्येक आर्थिक वर्षमा" भन्ने शब्दहरु थपिएका छन् ।

३. मूल ऐनको दफा १८ मा संशोधन: मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ :-

"१८. खर्चमा बृद्धि: (१) यस ऐनमा व्यवस्था गरिएको कुनै खर्चको रकम बृद्धि गर्न आवश्यक छ भन्ने श्री ५ लाई लागेमा मौसूफबाट सो रकम बृद्धि गर्न आदेश जारी गरिबक्सनेछ ।

(२) उपदफा (१) बमोजिम श्री ५ बाट जारी गरिबक्सेको आदेश नेपाल राजपत्रमा प्रकाशन गरिनेछ र सो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको कर्मचारीहरुको पारिश्रमिक तथा भत्ता समय समयमा बृद्धि हुँदा सोही अनुपातमा राजदरवारका कर्मचारीहरुको पारिश्रमिक तथा भत्ता पनि स्वतः बृद्धि हुनेछ । त्यस्तो बृद्धिलाई चाहिने आवश्यक रकम दफा १४ बमोजिम दाखिल हुने रकममा पनि स्वतः बृद्धि हुनेछ ।"

४. बचाउः सम्बत् २०६१ साल जेष्ठ ७ गते जारी भएको राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश,२०६१ बमोजिम भए गरेका कामहरु यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः- २०६१।८।६।१

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार